# प्रस्तावना

आधुनिक नेपाली गद्य-साहित्यकारहरू मध्ये लक्ष्मीप्रसाद देवकोटाको स्थान विशिष्ट छ । उनका मौलिक गद्य रचनाहरू नेपाली साहित्यका श्रेष्ठ निधि मानिन्छन् । देवकोटाका तिनै गद्य-रचनाहरूको शैलीवैज्ञानिक अध्ययन नै प्रस्तुत शोध-प्रबन्धको अभीष्ट रहेको छ ।

स्नातकोत्तर तहको अध्ययनको क्रममा शैलीविज्ञानको सामान्य परिचय पाएपछि साहित्य-अध्ययनको यस वस्तुनिष्ठ एवं वैज्ञानिक सिद्धान्त र पद्धतितर्फ मेरो विशेष रुचि बढ्दै गयो । नेपाली भाषा र साहित्यको शिक्षकको रूपमा सन् 1983 मा दार्जिलिङको सन्त जोसेफ्स महाविद्यालयमा नियुक्ति पाएपछि पी.एच.डि. उपाधि हेतु शोधकार्य गर्ने इच्छा भयो । त्यसैले शोधकार्यको विषयका रूपमा "देवकोटाका मौलिक गद्य-साहित्यको शैलीवैज्ञानिक अध्ययन" भन्ने शीर्षक चुनी उत्तर बंग विश्वविद्यालयमा आफ्नो प्रस्तावित अध्ययनको प्रारूप पेश गरी आवश्यक पञ्जीकरण पनि लिएँ । सन् 1984 को अक्टोबरदेखि स्नातकोत्तर स्तरीय शिक्षकको निम्ति यसै विश्वविद्यालयको नेपाली विभागमा नियुक्ति पाएपछि यस शोधकार्यलाई अघि बढाउनका निम्ति मलाई अझ धेरै सुविधाहरू प्राप्त भए ।

प्रस्तुत शोध-प्रबन्धको पहिलो अध्याय यस अध्ययनको उद्देश्य, नेपाली गद्य-साहित्यको परम्पराको परिचय, गद्य-लेखकको रूपमा देवकोटाको स्थान र महत्त्व तथा उनको मौलिक गद्य-साहित्यको शोधप्रबन्धगत योग्यताको चर्चा एवं स्थापनामा केन्द्रित छ ।

दोस्रो अध्यायमा देवकोटाको परिचय, नेपाली साहित्यको परम्परामा उनको स्थान-निर्धारण तथा उनका मौलिक गद्य-रचनाहरूको विशद परिचय प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा साहित्य-अध्ययनका रस-मूल्यात्मक, जीवनीपरक, ऐतिहासिक तथा शैलीवैज्ञानिक गरी जम्मा चारवटा पद्धतिहरूको चर्चाका अतिरिक्त शैलीवैज्ञानिक अध्ययनको सर्वेक्षण तथा स्वरूप एवं विवरण विषयक चर्चा प्रस्तुत छ ।

चौथो अध्याय गद्य साहित्यका प्रमुख शैलीय घटक तथा गद्यकारका निम्ति उपलब्ध शैली-साधनाका विशिष्ट उपायहरूको विशद चर्चामा केन्द्रित छ । देवकोटाका मौलिक

गद्य-रचनाहरूको शैलीवैज्ञानिक अध्ययनका निम्ति आवश्यक एवं उपयुक्त आधारहरू यसै अध्यायमा प्रस्तुत छन् ।

पाँचौं अध्यायमा देवकोटाका मौलिक गद्य रचनाहरूको शैलीवैज्ञानिक अध्ययन प्रस्तुत छ । यस अन्तर्गत देवकोटाका "लक्ष्मी निबन्ध संग्रह", "दाडिमको रूखनेर" तथा "द्रष्टा देवकोटा : द्रष्टा परिवेशमा" शीर्षक संकलनहरूमा प्रकाशित मौलिक गद्य रचनाहरूको शैलीवैज्ञानिक अध्ययन गरिएको छ जसबाट देवकोटीय गद्य-शैलीका विशिष्टता र शैली-चिन्हक तत्त्वहरूको निर्धारण भएको छ ।

प्रस्तुत शोधकार्यको थालनीदेखि यसको समापनसम्म विभिन्न विद्वान्हरू, हितैषी मित्रगण, पुस्तकालयहरू, तथा अनुभवी शुभेच्छुकहरूको महत्त्वपूर्ण सहयोग रहेको छ जसको ऋण स्वीकार गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

आफ्नो अति व्यस्तताबाट पनि केही समय निकालेर यस शोधकार्यको प्रारम्भ तथा केही अध्यायहरूको ड्राफ्ट हेरेर विशेष स्नेहपूर्वक आवश्यक र महत्त्वपूर्ण सुझावहरू दिनु भई त्रिभुवन विश्वविद्यालयका प्रा. वासुदेव त्रिपाठीले मलाई विशेष आभारी तुल्याउनु भएको छ । त्यसै गरी, प्रा. चूडामणि बन्धुले शैली विज्ञानको अध्ययन र यसको भाषा-वैज्ञानिक आधारबारे केही महत्त्वपूर्ण सल्लाहका साथै उपयोगी पुस्तकहरूको सन्दर्भ पनि दिनुभई महत्त्वपूर्ण मार्गनिर्देश दिनुभएको छ । यी विद्वान्द्वयका सुझाव र मार्गनिर्देशहरू यस शोधकार्यको सम्पादनमा अति उपयोगी र महत्त्वपूर्ण रहेका हुँदा उहाँहरूप्रति म हार्दिक आभार व्यक्त गर्दछु ।

स्नातकोत्तर तहदेखि नै पुत्रवत् स्नेहपूर्वक यथावश्यक हर-सल्लाह र मार्गनिर्देश दिँदै आउनुहुने मेरा पूजनीय गुरु श्री लक्ष्मीकान्त शर्माले यस शोधकार्यलाई पूरा गर्नमा हर प्रकारले सहयोग, प्रेरणा र हौसला दिनुभई जुन ऋण लाउनु भएको छ त्यसको निम्ति आभार प्रकट गर्न म आफ्नो भाषिक सामर्थ्य अपर्याप्त रहेको अनुभव गर्दछु । त्यसरी नै मेरा आदरणीय गुरुहरू डा. कुमारबहादुर जोशी तथा श्री भीमकान्त उपाध्यायबाट पनि यस कार्यका निम्ति मैले हर-हमेशा स्नेहपूर्ण सहयोग र सुझावहरू पाएको छु जसका निम्ति म उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

सामग्री-संकलन, शोध-प्रबन्ध लेखन-विधि आदिदेखि लिएर प्रूफ-संशोधन सम्म विभिन्न कार्यहरूमा दाइ डा. टंकबहादुर सुब्बा, कमल कुमार शर्मा तथा मित्र प्रा. प्रेमकुमार पोद्दारको सहानुभव एवं उदारतापूर्ण सहयोग र सल्लाह नपाएको भए यो शोध-प्रबन्ध यति चाँडै र यस रूपमा प्रस्तुत हुन धेरै गाह्रो पर्ने थियो । अतः हार्दिकतापूर्वक म उहाँहरूको आभार स्वीकार गर्दछु ।

उत्तर बंग विश्वविद्यालयका पुस्तकालयाध्यक्ष (हाल अवकाश प्राप्त) डा. विक्रमभानु जैनले यस शोधकार्यको विषयप्रति व्यक्तिगत रुचि लिई मेरा निम्ति आवश्यक र उपयोगी पुस्तकहरू खोजी खोजी उपलब्ध गराइदिनका साथै यस विषयप्रतिको मेरो संलग्नतालाई विशेष हौसला दिनुभई मलाई गुण लाउनुभएको छ । उहाँप्रति पनि म आभारी छु । त्यसै गरी, बनारस हिन्दू विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, कलकत्तास्थित नेशनल लाइब्रेरी तथा हैदराबादस्थित अमेरिकन स्टडिज रिसर्च सेन्टरको पुस्तकालयबाट पनि मैले हेमिङ्वे विषयक महत्वपूर्ण अध्ययन-सामग्रीहरूको उपयोग गर्ने अवसर पाएको हुँदा ती पुस्तकालयका अधिकारी तथा कर्मचारीहरूप्रति म आफ्नो कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्य पूर्ण गर्नका निम्ति सदैव हुटहुटी लाउनका साथै सम्पूर्ण पारिवारिक उत्तरदायित्वहरूबाट मलाई मुक्त राखी यसका निम्ति आवश्यक समय निकाल्ने अवसर दिनुहुने मेरा आदरणीय ठूल्दाइ श्री लक्ष्मण नेपालप्रति म कृतकृत्य रहेको छु ।

यस शोध-प्रबन्धको लेख्य पाण्डुलिपि टंकण गरी तयार पारिदिनुहुने भाइ श्री गोपाल प्रसाद दाहाल तथा भूतपूर्व विद्यार्थी श्री हरिकुमार तामाङको सहयोगप्रति म कृतार्थ छु । त्यसै गरी, लेखाबाट यसलाई प्रस्तुत रूप दिनका निम्ति टंकणको अभिभारा लिई दिनुहुने भाउज्यू श्रीमती गंगा निरौलाप्रति पनि म आभार व्यक्त गर्दछु ।

अन्त्यमा, म ती व्यक्तिको नाउँ उल्लेख गर्न चाहन्छु जसले यस सम्पूर्ण शोधकार्यको पछिल्तिर हरेक स्थितिमा मुख्य आडको रूपमा रही निरन्तर सहयोग, मार्गदर्शन, सुझाउ र प्रेरणा नदिनुभएको भए आज यो शोध-प्रबन्ध यसरी प्रस्तुत हुनसक्ने थिएन । ती आदरणीय व्यक्ति हुनुहुन्छ बनारस हिन्दू विश्वविद्यालयको भारतीय भाषा-विभागका वर्तमान अध्यक्ष तथा मेरा गुरु डा. डिल्लीराम तिमसिना । उहाँले यस शोधकार्यका

निश्चित निर्देशकको गुरुत्वपूर्ण अभिभारा लिइदिनुभएर मलाई आजीवन ऋणी तुल्याउनु भएको छ । वहाँकी पूज्या श्रीमती तिमसिनाको पुत्रवत् स्नेहपूर्ण व्यवहार पनि मेरो यस शोधकार्यको सम्पादनमा सदैव प्रेरक रहेका छ । उहाँप्रति म श्रद्धापूर्वक आभार व्यक्त गर्दछु । त्यसै गरी, शोध-प्रबन्ध यहाँ छिपाउन हुटहुटी जगाउनुहुने भाइ कुलराज तिमसिनालाई पनि म यहाँ स्नेहपूर्वक सम्झना गर्दछु ।

यीबाहेक केही अरू शुभेच्छुकहरू जसको प्रत्यक्ष-परोक्ष सहयोग यो काम पुरा गर्ने क्षमता मलाई प्राप्त भएको छ । ती सबैप्रति आफ्नो आभार व्यक्त गर्नु म आफ्नो कर्तव्य सम्झन्छु । त्यसै गरी जुन विद्वान्-लेखकहरूका ग्रन्थ लिखित अध्ययन-अनुशीलनबाट मेरो प्रस्तुत शोध-प्रबन्ध लेख्नसक्ने सामर्थ्य स्वयंमा विकास गर्न सकें तिनीहरू सबैप्रति पनि म आफ्नो हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मिति: 29. 6. 1989.

नेपाली विभाग
उत्तर बंग विश्वविद्यालय
राजाराममोहनपुर ।

घनश्याम नेपाल